## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०९/२९ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पेश गरिएको मुद्दाको विवरणः-

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **परिवर्तित नाम मिचैंया १(२०८०)** (विशेष अदालत मुद्दा नं.: ०८०-CR-०१०० फैसला मितिः- २०८०/१२/२५ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको प्रतिकूल बकपत्र। | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसूरमा रु.९,०००।—बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम सोही ऐन, को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय हुनसमेत | **फैसलाः-**<br>प्रतिवादीले आरोप दाबीबाट सफाई पाउने ठहर्छ भनी मिति २०८०/१२/२५ मा फैसला भएको ।<br><br>विशेष अदालत काठमाडौंले प्रतिवादीलाई सफाई दिने गरी **फैसला गर्दा निम्न आधार ग्रहण** गरेको देखिन्छः<br>(क) अनुसन्धानको क्रममा गरेको बयानसंग नमिल्ने गरी अदालतमा बकपत्र भएको देखिंदैमा प्राविधिक आधारमा सजाय भैहाल्ने भनी अर्थ गर्न मिल्ने नदेखिएको।<br>(ख) प्रतिवादी कायम गरिएका मूल व्यक्तिले नै सफाई पाएको अवस्थामा निजलाई कसूरदार मानी सजाय गर्न मिल्ने देखिन नआएको। | (क) ईलाका प्रहरी कार्यालय मिर्चैया सिराहाका प्रहरी सहायक निरीक्षक सचिन कुमार भदैसवारले निवेदक परिवर्तित नाम मिचैंया १(२०८०) सँग उच्च अदालत जनकपुर राजविराजको परमादेश आदेश बमोजिम जवरजस्ती करणी उद्योग मुद्दाको सन्दर्भमा जाहेरी दर्खास्त दर्ता गरिदिनको लागि रु.९,०००।-(नौ हजार रुपैंया) घुस/रिसवत माग गरेको हुँदा निजलाई दिनको लागि रु,१,०००।-(एक हजार) दरका निम्न नम्बर भएका ९ (नौ) थान नोटहरुले हुने जम्मा रु,९,०००।-(अक्षेरुपी नौ हजार) म आफैले व्यवस्था गरी निज उपर निगरानी गरी घूस/रिसवत वापतको रकम लिएमा प्रमाण सहित निजलाई पक्राउ गरी मलाई सरकारी साक्षी बनाई मबाट लिएको उक्त घूस रकम कानूनी रित पुऱ्याई फिर्ता दिलाई पाऊँ, साथै निजले म संग घुस/रिसवत माग गरेको अडियो भएको डि.भि.डी. र नोट नं. उल्लेख गरी यसैसाथ पेश गरेको छु" भन्ने समेत व्यहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासमा लगाउको मुद्दाका प्रतिवादी सचिन कुमार भदैसवार उपर सप्रमाण किटानी उजुरी निवेदन पेश गरेको अवस्था, निजले पछि आयोगमा स्वयम् उपस्थित भई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासमा दिएको लिखित उजुरी कसैको करकापमा नभै म आफैले दिएको हुँ, निवेदनसाथ पेश गरेको सि.डि. सहितको संवाद जाहेरीमा रहेको सहिछाप हेरी चिनी सनाखत गरिदिएको छु भनी सो निवेदनलाई समर्थित र सनाखत गरी आयोग समक्ष बयान गरेको अवस्था, उक्त अडियो स्क्रिप्टमा समेत निजले *"नौ हजार ल्याए..." समेत भनेको तथा निज सचिन कुमार भदैसवारले "...तपाईंको काम हुदैनथियो मैले पुलिस पठाएर काम गरिराछु ल तपाईं आउनु मुद्दा दर्ता गरिदिन्छु..."* भन्ने समेतका संवाद रहेबाट प्रस्तुत मुद्दाका प्रतिवादी परिवर्तित नाम मिचैंया १(२०८०) र लगाउको मुद्दाका प्रतिवादी सचिन कुमार भदैसवारबीच घुस/रिसवत रकम लेनदेन भएको तथ्य पुष्टि भैरहेको अवस्था छ ।<br><br>(ख) भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ५५ मा *"..... यस ऐन बमोजिमको अनुसन्धानको कामकारबाहीमा सहयोग गर्ने अभियुक्तलाई अनुसन्धान अधिकारीले आफ्नो साक्षीको रूपमा प्रस्तुत गरी निजलाई सजायको मागदाबीमा पूर्ण वा आंशिक छुट दिन सक्नेछ । तर निजले गरेको सहयोग अन्य सबुद वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले मुद्दा हेर्ने अधिकारीसमक्ष अनुसन्धान अधिकारीलाई गरेको सहयोग प्रतिकूल हुने गरी बयान दिएमा यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि निजउपर पुनः मुद्दा दायर गर्न सकिनेछ ।"* भन्ने कानूनी व्यवस्था रहेको छ । निवेदक परिवर्तित नाम मिचैंया १(२०८०) ले प्रतिवादीलाई घुस/रिसवत बापत रकम रु.९,०००।-(नौ हजार रुपैंया) दिई भ्रष्टाचार निवारण, २०५९ कोदफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको भएतापनि निजले प्रतिवादीलाई घुस/रिसवत दिनुपर्ने कारण र आधार सहितको विवरण खुलाई कारबाहीको लागि आयोग समक्ष निवेदन दिएको एवं अनुसन्धान कार्यमा अनुसन्धान अधिकारीलाई सहयोग गरेको हुँदा निज परिवर्तित नाम मिचैंया १(२०८०)उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र सोही ऐनको दफा ३ (१) (क) बमोजिम निज परिवर्तित नाम मिचैंया १(२०८०)ले गरेको सहयोग अन्य सबुद वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले मुद्दाहेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकारीलाई गरेको सहयोग प्रतिकूल हुनेगरी बयान/बकपत्र दिएमा कानून बमोजिम हुनेगरी तत्काललाई भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बमोजिम परिवर्तित नाम मिर्चैया १(२०८०)को हकमा सजायको मागदावीमा पूर्णरुपमा छुटदिई सरकारी साक्षीको रुपमा पेशगर्ने भन्ने व्यहोरा सहितको अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट शुरुमा निर्णय भएकोमा प्रतिवादीले शुरु अनुसन्धानका क्रममा लगाउको मुद्दाका प्रतिवादी सचिन कुमार भदैसवार उपर घुस/रिसवत माग गरेको अडियो भएको डि.भि.डी. र नोट नं. उल्लेख गरी किटानी उजुरीसाथ पेश गरी आयोग समक्ष उपस्थित भै सो उजुरी तथा पेश भएका प्रमाणहरुलाई सनाखत र समर्थित गरि बयान समेत गरेकोमा समयान्तरमा विभिन्न प्रभाव, स्वार्थ तथा बद्नियत राखी मौकाको अनुसन्धानको क्रममा स्वयंले पेश गरी सनाखत गरेका उक्त आधार प्रमाणको विपरीत हुनेगरी अदालतमा बकपत्र गरी अनुसन्धानको समग्र आधार प्रमाणलाई मनोगत, गलत तथा नकारात्मक रुपमा अभिव्यक्त गरेको अवस्था रहेकोमा। यस्तो अवस्थामा निज उपर भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ५५ को प्रतिबन्धात्मक बाक्यांशमा "......*निजले गरेको सहयोग अन्य सबुद वा प्रमाणबाट प्रमाणित नभएमा वा निजले मुद्दा हेर्ने अधिकारीसमक्ष अनुसन्धान अधिकारीलाई गरेको सहयोग प्रतिकूल हुने गरी बयान दिएमा यस ऐन वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि निजउपर पुनः मुद्दा दायर गर्न सकिनेछ ।*"को विद्यमानता रही निज परिवर्तित नाम मिर्चैया १(२०८०) उपर सोही स्पष्ट कानूनी व्यवस्था बमोझिम गरिएको अभियोजन सम्बन्धमा "अनुसन्धानको क्रममा गरेको बयानसंग नमिल्ने गरी अदालतमा बकपत्र भएको देखिंदैमा प्राविधिक आधारमा सजाय भैहाल्ने भनी अर्थ गर्न मिल्ने नदेखिने।" भनी लिइएको फैसलाको निर्णायाधार त्रुटिपूर्ण रहेको छ ।<br><br>(ग) प्रतिवादी सचिन कुमार भदैसवार रहेको यसै लगाउको मुद्दामा समेत निज उपरको सो फैसलामा चित्त नबुझी पुनरावेदन गरिएको र उक्त शुरु फैसला उपर कानून बमोजिमको पुनरावेदकीय अधिकार, प्रक्रिया र पुनरावेदनको रोहमा फैसलाको अवस्था रहने नै हुन्छ ।प्रस्तुत मुद्दामा मिसिल संलग्न समग्र आधार प्रमाणबाट यी प्रतिवादी परिवर्तित नाम मिर्चैया १(२०८०) कसूरदार रहेको पुष्टि भैरहेकोले निज प्रतिवादीलाई कसूरदार ठहर गरी सजाय गर्नुपर्नेमा उक्त लगाउको मुद्दाको सापेक्षबाट अपुष्ट आधार लिई यी प्रतिवादी परिवर्तित नाम मिर्चैया १(२०८०) लाई आरोपित कसूरबाट सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी छ । |